# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.:
प.सं. २०८३/०८४

ने.सं.-११४६,दिल्लागा अष्टमी
मितिः-२०८३/०४/२१

## शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना,
(प्रथम पटक प्रकाशित मितिः२०८३/०४/२१)

यस मालिका गाउँपालिकाको गाउँ कार्यपालिकाको निर्णयानुसार तपसिल बमोजिम आ.ब.२०८३/०८४ को लागि आन्तरिक कर संकलन गर्न निम्न शर्तहरुको अधिनमा रही कवाडी संकलन तथा निकासी कार्य प्रयोजनार्थ ठेक्का वढावढ प्रकृयाद्वारा बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपशिल बमोजिमको शर्तको अधीनमा रही सूचना प्रकाशन भएको मितिले ०७ दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सुचित गरिन्छ ।

तपसिलः-

| ठेक्का नं.- | विवरण | न्यूनतम अङ्क मु.अ.क.सहित | शिलवन्दी दरभाउपत्र पाइने स्थान | फाराम दस्तुर | शिलवन्दी दरभाउपत्र वुझाउने अन्तिम मिति र सयम |
|---|---|---|---|---|---|
| OMRM-GUL-SQ-01-2083/084 | कवाडी ठेक्का | १ लाख | मालिका गाउँपालिकाको कार्यालय | रु.१००० | २०८३/०४/२७ कार्यालय समय भित्र |

**ठेक्का कवोल सम्बन्धी शर्तहरुः-**

१.यो सूचना प्रकाशन भएको मितिले ७ औ दिन भित्र सम्म शिलवन्दी दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित व्यवसायी/व्यक्ति वा अधिकार प्राप्त प्रतिनिधीले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपी, इजाजत पत्रको प्रतिलिपी, अद्यावधिक नविकरण फर्मको प्रतिलिपी, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित पत्रको प्रतिलिपी, स्थायी लेखा नं.(पान) दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.ब.२०८१/०८२ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी सहित शिलवन्दी दरभाउपत्र दस्तुर रु.१०००/- मालिका गाउँपालिकाको ग्लोवल आइएमई वैंकको शाखा कार्यालय, अर्खावाङ्गमा रहेको आन्तरिक राजश्व खाता ग-१-१-३६००४०१००००००६ मा जम्मा गरी भौचरसाथ निवेदन पेश गरे पश्चात नियमानुसार छुट्टाछुट्टै शिलवन्दी दरभाउपत्र उपलब्ध गराइनेछ।

२.सिलवन्दी दरभाउपत्र ८ औ दिनको १२ बजेसम्म यस कार्यालयमा पेश गरि दर्ता गरी सक्नु पर्नेछ र सोही दिनको ठीक १.०० वजे मालिका गाउँपालिकाको कार्यालय, अर्खावाङ्ग, गुल्मीमा पेश भएका शिलवन्दी दरभाउपत्रहरु खोलिनेछ।

३.शिलवन्दी दरभाउपत्र साथ कूल कवोल रकमको ५ प्रतिशत धरौटी रकम मालिका गाउँपालिकाको ग्लोवल आइएमई वैंक शाखा कार्यालय अर्खावाङ्ग गुल्मीमा रहेको धरौटी खाता हि.नं.३६००४०१०००००४ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।साथै वैंक ग्यारेन्टीलाई समेत मान्यता दिइनेछ।

४.कवोल गरेको रकम अङ्क र अक्षर दुवैमा स्पस्ट वुझिने गरि लेखु पर्नेछ।रीत नपुगी वा म्याद नाघि आएको शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

५.शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

६.शिलवन्दी दरभाउपत्र स्वीकृत भए पश्चात ठेक्का सम्झौता गर्नुपूर्व प्रथम किस्तावापत ५० प्रतिशत रकम दाखिला गर्नु पर्नेछ।अन्य वाँकी किस्ताको धितो वापत वैंक ग्यारेन्टी वनाई पेश गर्नु पर्नेछ।

७.नियमानुसार लाग्ने सवै करहरु स्वयम फर्मले वेहोर्नु पर्नेछ।

८.ठेक्काका अन्य शर्तहरु सिलवन्दी दरभाउपत्रमा तोकिए अनुसार हुनेछ।

९.यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ।

थप जानकारीको लागि ९८५७०६७९०६ र ९८५७०३१५९५ मा सम्पर्क गर्न सक्नुहुनेछ।

०४/२१

**प्रमुख प्रशासकीय अधिकृत**